# फतुवा विजयपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

लक्ष्मीनियाँ (दो.) रौतहट,
मधेश प्रदेश,नेपाल

पत्र संख्याः- २०७९/०८०
चलानी नं.:-

मितिः-२०८०/०१/११

सूचना।। सूचना।। सूचना।।

दोश्रो पटक प्रकाशित मिती २०८०/०१/११

**विषयः-स्यालो ट्युबेल जडानका लागि निवेदन आव्हान सम्बन्धि सुचना**

यस कार्यालयको आ.व. २०७९/०८० को कृषि तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०७९/१२/२६ गते प्रथम पटक प्रकाशित सुचना अनुसार यस फतुवा विजयपुर नगरपालिका को उखु पकेट क्षेत्रमा साना सिचाई (स्यालो टयुवेल) जडान कार्यक्रम रहेको हुदाँ यस नगरपालिका भित्र रहेका ईच्छुक कृषक/कृषक समूह/कृषि सहकारी /कृषि उत्पादनमा संग्लन निजी फर्म /उधमी /जल उपभोक्ता समूहले यो सूचना प्रकाशित भएको मितिले १५औ दिन २०८०/०१/१०गते सम्म म्याद रहेकोमा सो म्याद भित्र निवेदन प्रयाप्त नपरेकोले दोश्रो पटक प्रकाशित सुचना अनुसार मिति २०८०/०१/१७ गते सम्म कार्यालय समय भित्र तोकिएको ढाँचामा तपशिल अनुसारका कागजातहरु संग्लन राखी यस कार्यालयमा आवेदन दर्ता गर्नु हुन आव्हान गरिन्छ ।रित नपुगेका तथा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

संलग्न गर्नुपर्ने कागजातहरु

१. रु. १० को हुलाक टिकटको निवेदन,
२. आवेदकको (व्यक्तीको हकमा) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
३. आवेदकको (समूह,सहकारी संस्था र फर्म /कम्पनीको हकमा )दर्ता र नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि तथा स्थायी लेखा नं लिएको प्रमाण पत्रको प्रतिलिपि ,
४. माँग गरेको स्यालो टयुबेल निर्माण हुने जग्गाको हकमा लालपुर्जा र जग्गाधनीको सक्कल मनजुरीनामा समेत
५. मांग गरेको स्यालो टयुबेल निर्माण हुने जग्गाको नक्शाको ब्लु प्रिन्ट /कम्पयुटर प्रिन्ट ,
६. समूह, सहकारी संस्था र साझेदारी कम्पनीको हकमा आयोजना प्रस्ताव गर्ने सम्बन्धमा कार्याकारीणीको निर्णयको प्रतिलिपि,
७. समूह ,सहकारी संस्था र फर्म कम्पनीको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र ।
८. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
९. कुल लागतको १५% प्रतिशत रकम स्वयमले व्यहोर्नु पर्ने छ ।

पुनश्य ;- व्यक्तिगतको हकमा २ विगाहको लालपुर्जाको प्रमाणपत्रको प्रतिलिपि र समूह, सहकारीको हकमा ४ विगाहको प्रमाण पत्रको प्रतिलिपि

२०८०/१/११

शम्भु कुमार यादव

नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner